# कटहरिया नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटहरिया, रौतहट

मधेश प्रदेश, नेपाल

## करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/११/१३**

नेपाल सरकारद्वारा सञ्चालित श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत यस कटहरिया नगरपालिकाको रोजगार सेवा केन्द्रका लागि आवश्यक रोजगार संयोजक, प्राविधिक सहायक र रोजगार सहायक पद करारमा पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

| क्र.स. | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०७८/०८९ | रोजगार संयोजक | छैठौं | १ |
| २. | ३/२०७८/०८९ | प्राविधिक सहायक | पाचौ | १ |
| ३. | ३/२०७८/०८९ | रोजगार सहायक | पाचौ | १ |

### १. आवश्यक न्यूनतम योग्यता र अनुभव :

**क. रोजगार संयोजकको लागि:**

- ⇨ व्यवस्थापन वा सम्बन्धित विषयमा स्नातक तह उतिर्ण गरी आयोजना व्यवस्थापन सम्बन्धी विषयमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको ।
- ⇨ नेपाल सरकार तथा विश्व बैंकको निति, प्रक्रियाहरु तथा कार्यविधिसग परिचित एवम् विश्व बैंक अन्य विकास साझेदारी को आर्थिक सहयोगमा सञ्चालित आयोजनामा खरिद, प्रशासन तथा आयोजना व्यवस्थापनमा अनुभव वा तालिम प्राप्त गरेका उम्मेदवारलाई विशेष ग्राहययता दिइने छ ।
- ⇨ **उमेर:** कम्तीमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
- ⇨ **आयोजना अधिकृत / रोजगार संयोजकमा देहाय सीपहरु हुनु पर्नेछ:**
  - ✓ आयोजनका उदेश्य र परिणाम प्राप्तिका लागी टोलीको सदस्यको रुपमा काम गर्न सक्ने सक्षमता भएको,
  - ✓ प्राविधिक प्रयोग तथा नयाँ सीप सिक्न सक्ने,
  - ✓ लिखित र मौखिक रुपमा सञ्चार तथा प्रस्तुती गर्ने उत्कृष्ट क्षमता रहेको,
  - ✓ स्पष्ट रुपमा विचार र खोजी व्यक्त गर्न सक्ने,
  - ✓ उत्कृष्ट संगठनिक र व्यवस्थापन क्षमता भएको ।

**ख. प्राविधिक सहायकको लागि:**

- ⇨ सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा उतिर्ण भएको,
- ⇨ **उमेर**: कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

⇨ **अनुभव र सीप** : **प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ ।**

- ✓ कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- ✓ पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

**<u>ग. रोजगार सहायकको लागि:</u>**

⇨ रोजगार सहायक पदको लागि प्रविणता प्रमाण पत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको हुनु पर्नेछ,

⇨ **उमेर:** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

⇨ **रोजगार सहायकमा देहायका न्यनूतम सिप आवश्यक पर्नेछन:**

- ✓ माइक्रोसफ्ट अफिस सहितको कम्प्युटर प्रयोग गर्न सक्ने,
- ✓ विभिन्न आवधिक प्रतिवेदन तयार गर्न सक्ने,
- ✓ लेखा तथा वितिय व्यवस्थापनको ज्ञान भएको,
- ✓ आयोजनाको लक्ष्य र परिणाम हाँसिल गर्न टिममा काम गर्न सक्ने,
- ✓ प्रविधिक प्रयोग तथा नयाँ सीप सिक्न सक्ने,
- ✓ समाजिक परिचालन तथा सो सम्बन्धी क्रियाकलाप सञ्चालनको अनुभव भएकालाई ग्राहययता ।

**२. दरखास्त दिने स्थान:** नगरपालिकाको कार्यालय, कटहरिया, रौतहट

**३. दरखास्त दिने अन्तिम मिति:** २०७८/११/२७ गते सम्म

**४. सम्पर्क मिति:** २०७८/११/२९

**५. आवेदनको दस्तुर:**

- ✓ रोजगार संयोजकको लागि रु. १०००।-
- ✓ प्राविधिक सहायकको लागि रु. ५००।-
- ✓ रोजगार सहायकको लागि रु. ५००।-

**६. सेवा सुविधा:** नेपाल सरकारले तोकेबमोजिम ।

**७. छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा, अन्तर्वाता ।

**८. दरखास्त फाराम साथ अनिवार्य रुपमा पेस गर्नुपर्ने कागजातहरु**

- ✓ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
- ✓ सम्बन्धित तहको शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रहरुको प्रतिलिपी
- ✓ सम्बन्धित तहको अनुभव खुल्ने कागजात
- ✓ दुई प्रति पासपोर्ट आकारको फोटो

**दरखास्त फाराम साथ संलग्ग कागजातहरु उम्मेदवार स्वंयले प्रमाणित गरेको हुनुपर्नेछ ।**

(नोट : दरखास्त फारमको हकमा लोकसेवा आयोगले निर्धारण गरेको ढाँचा बमोजिम ।)

**प्रमुख प्रशासकिय अधिकृत**